# नामसालिङ सामुदायिक विकास केन्द्रको सदस्यता थप गर्ने सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित २०८३ असार ८ गते)

नामसालिङ सामुदायिक विकास केन्द्र NCDC इलामको मौजुदा सदस्यता संख्या थप मार्फत तथा राज्यका न्यूनतम मापदण्ड पुरा गर्दै संस्थामा युवा उमेर समूहको सहभागिता एवं वर्तमान समयमा प्रतिष्पर्धी प्राविधिक सीपयुक्त सदस्य यस संस्थामा आवश्यक देखिएकोले साधारण सभाको निर्णय एवं बिधान २०४४ (चौथो संशोधन २०७४) मा व्यवस्था भए अनुसार हाललाई अधिकतम २५ जना साधारण सदस्य थप गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित आवश्यक योग्यता पुगेका व्यक्तिहरुले तोकिएको ढाँचाको आवेदन फारम भरी आफ्नो कागजातको फोटोकपी सहित सोझै कार्यालयमा वा तोकिएको इमेलमा निवेदन पेशगर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन पेश गर्ने अन्तिम मिति: २०८३ श्रावण ७ गतेभित्र

**आवश्यक संख्या:** २५ जना

**सदस्यताको प्रकार:** साधारण सदस्य

आवेदन फारम संस्थाको मुख्य कार्यालय प्रतिनिधि धुवकुमार प्रधान (९८६३६१९६७७) र रमेशचन्द्र सुवेदी (९८५२६८०५९९) मार्फत) माईजोगमाई ३ नामसालिङ वा स्रोतकेन्द्र कार्यालय इलाम नगरपालिका ८ बाट कार्यालय समयमा लिन सकिनेछ। अनलाईन फारमको लागि ncdcilam@ntc.net.np मा फारम माग गर्न र पेश गर्न सकिनेछ । आवेदकले आफूले सदस्यता लिन चाहेको प्रकार/समूह फारममा उल्लेख गर्नुपर्नेछ ।

**आवश्यक सदस्यता संख्या तथा समूह**

| सि.न. | प्रकार/समूह | महिला | पुरुष |
|---|---|---|---|
| १ | खुला | ११ | २ |
| २ | दलित | २ | २ |
| ३ | जनजाती | ४ | २ |
| ४ | अपाङ्गता भएको | १ | १ |
| जम्मा | | १८ | ७ |

**आवेदनको लागि आवश्यक योग्यता**

१. १८ वर्ष पुरा भई देखि ३५ वर्ष ननाघेको

२. माईजोगमाई वडा न ३ र ४ का स्थायी बासिन्दा

३. शैक्षिक योग्यताको हकमा न्यूनतम दश जोड दुई वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण

**छनौटका आधारहरु**

- विषयगत विशेषग्यको रुपमा प्राबिधिक विषय अध्ययन गरेको वा अध्ययनरत ( आईटी, स्वास्थ्य, कृषि, वन, वातावरण, भेटनरी, ईन्जीनियरिङ, आदि)
- वाणिज्य शास्त्र, कानून, समाजशास्त्र, शिक्षा, डेभलमेन्ट स्टडीज आदी अध्ययनरत वा उत्तिर्ण
- विगतमा समुदायमा आधारित संस्था, सहकारी वा गैसस अभियानसंग कृयाशिल तथा जानकार
- संस्थाको कृयाकलापहरुमा बैतनिक वा अवैतनिक स्वयसेवकको विगत अनुभव भएको
- नोट: माईजोगमाई वडा न ३ र ४ का स्थायी बासिन्दा भई हाल अध्ययन वा रोजगारीको शिलशिलामा नामसालिङ बाहिर रहेको भएपनि इमेलबाट अनलाईन आवेदन दिन सकिनेछ ।

*यस सूचना अनुसार सदस्यता छनौट गर्ने वा सम्पूर्ण प्रकृया रद्ध गर्ने अधिकार नामसालिङ सामुदायिक विकास केन्द्रमा निहित रहनेछ । पहिलो चरणमा छनौट भएका आवेदकहरुलाई मात्र दोस्रो चरणमा सहभागी गराईनेछ ।*

नामसालिङ सामुदायिक विकास केन्द्र
माईजोगमाई MAIJOGMAI
इलाम ILAM
नेपाल NEPAL
स्था: २०४४ Estd. 1987
NAMSALING COMMUNITY DEVELOPMENT CENTER

Scanned with CamScanner